विनयी त्रिबेणी गाउँपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः १२ मितिः २०८१/११/११ आइतवार

## भाग - २

## विनयी त्रिवेणी गाउँपालिका

विनयी त्रिवेणी गाउँपालिका नेपालको संविधान बमोजिम विनयी त्रिवेणी गाउँकार्यपालिकाले बनाएको तल उल्लेखित बमोजिमको

**'श्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धी कार्यविधि, २०८१'**

सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

गाउँ कार्यपालिकावाट स्वीकृत मितिः

# श्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धी कार्यविधि, २०८१

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/११/८

**प्रस्तवाना :**

विनयी त्रिवेणी गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण र सोको सन्तुलित वितरणको खाका तथा बजेट सीमा निर्धारण गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ को उपदफा ५ र सोही ऐनको दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी विनयी त्रिवेणी गाउँपालिका गाउँ कार्यपालिकाबाट यो कार्यविधि निर्माण गरिएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. नाम र प्रारम्भः**

१) यो कार्यविधिको **"श्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धी कार्यविधि, २०८१"** रहेनछ ।

२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रंसगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क. **"गाउँपालिका"** भन्नाले विनयी त्रिवेणी गाउँपालिका सम्झनुपर्छ ।

ख. **"कार्यपालिका"** भन्नाले विनयी त्रिवेणी गाउँपालिका सम्झनुपर्छ ।

ग. **"अध्यक्ष"** भन्नाले विनयी त्रिवेणी गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

घ. **"उपाध्यक्ष"** भन्नाले विनयी त्रिवेणी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ ।

ङ. **"समिति"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ १) बमोजिम गठित समिति बुझाउनेछ ।

छ. **"सदस्य"** भन्नाले समितिको सदस्य सम्झनुपर्छ ।

ज. **"सदस्य सचिव"** भन्नाले विनयी त्रिवेणी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

झ. **"आन्तरिक आय"** भन्नाले विनयी त्रिवेणी गाउँपालिकाको चालु आर्थिक वर्षमा आर्थिक ऐन अनुसार संकलित हुने रकम सम्झनुपर्छ ।

ञ. **"वित्तीय हस्तान्तरण"** भन्नाले नेपाल सरकार र गण्डकी प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण, सशर्त, विशर्ष र समपुरक अनुदान सम्झनुपर्छ ।

ट. **"आन्तरिक ऋाण"** भन्नाले गाउँपालिकाले राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्तीय आयोगको सिफारिसको सीमा भित्र रही गाउँसभाबाट स्वीकृत गराई उत्पादनशील, रोजगारमूलक, आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यको लागि लिइने ऋाण सम्झनुपर्छ ।

ठ. **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्छ ।

## परिच्छेद - २
## समितिको गठन, काम, कर्तव्य र अधिकार

**३. समितिको गठन :** (१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ (१) बमोजिम समितिमा तल लेखिए बमोजिमको पदाधिकारी सदस्य रहुनेछन् ।

(क) अध्यक्ष - संयोजक

(ख) उपाध्यक्ष - सदस्य

(ग) कार्यपालिका सदस्यहरु मध्ये महिला, दलित वा अल्पसंख्य समेतको प्रतिनिधित्व हुने गरी अध्यक्षले तोकेको चार जना सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

(२) गाउँपालिकाको अध्यक्षले सदस्य तोक्दा आफुसम्बद्ध राजनैतिक दल बाहेकको सदस्य समेत तोक्नपुर्नेछ । त्यस्तो सदस्य नभए यो प्रावधान लागू हुने छैन।

**४. समितिको काम, कर्तव्य र अधिकार :** समितिको तल लेखिए बमोजिम काम, कर्तव्य र अधिकार हुनेछः

(क) आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने आय, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण, आन्तरिक ऋाण तथा अन्य आयको प्रक्षेपण गर्ने,

(ख) राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानीय आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपित श्रोत र साधनको सन्तुलित वितरणको खाका तय गर्ने,

(ग) आगामी आर्थिक वर्षको लागि श्रोत अनुमानको आधारमा बजटेको कुल सीमा निर्धारण गने,

(घ) विषय क्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने,

(ङ) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, स्थानीय आर्थिक अवस्था, आन्तरिक आयको अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तय गर्ने,

(च) विषय क्षेत्रगत बजेट तर्जुमा सम्बन्धित मार्गदर्शन तय गर्ने,

(छ) श्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धमा स्थानीय सरकारको आवश्यकता र निर्णय बमोजिमका अन्य कार्यहरु गर्ने ।

## ५. बैठक सञ्चालन :

(क) समितिको बैठक बर्षमा बढीमा ६ पटक बस्नेछ । संयोजकले सदस्य सचिव मार्फत बैठक बोलाउने छन् ।

(ख) बैठकमा आवश्यकता अनसुार सम्बन्धित कर्मचारी र विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(ग) बैठक संयोजकको अध्यक्षतामा बस्नेछ । बैठकमा ५० प्रतिशतभन्दा बढी सदस्यहरुको उपस्थिति भएपछि बैठक सञ्चालन हुनेछ । बैठकमा सदस्य सचिवले सम्भावित आयका प्रक्षेपण, दायित्व पेश गर्नेछन् ।

(घ) समिति आफ्नो कार्य प्रत्येक आर्थिक वर्षको फाल्गुन महिनाबाट शरू गरी वैशाख १० गते भित्र सम्पन्न गरी सक्नुपनेछ । विशेष परिस्थितिमा गाउँसभा हुनुभन्दा न्यनूत्तम २० दिन अगावै कार्य सम्पन्न गर्न सकिनेछ ।

(ङ) बजेट प्रक्षेपण गर्दा आगामी वर्ष पछिको थप दुई वर्षको समेत गर्नुपर्नेछ ।

(च) समितिले तयार गरेको आगामी वर्षको बजेट तयार भएको मितिले ५ दिन भित्र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको शाखा, उपशाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्नेछ ।

६. **अनुमानित बजेट पेश गर्नुपर्ने** : प्राप्त बजेटको सीमा भित्र रही विषयगत शाखा, उपशाखा तथा वडा समितिले गाउँपालिकाको योजना, आयोजना, कार्यक्रम र अनुमानित बजेट तर्जुमा गरी खाका प्राप्त भएका मितिले सामान्यतया ७ दिन भित्र समितिमा पेश गर्नुपर्नेछ ।

७. **बजेट तथा कार्यक्रम तर्जुमा** समितिले तयार गरेको आयको प्रक्षेपण, वितरणको खाका र बजेट सीमामा आधारित भई विनयी त्रिवेणी गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा ऐनको दफा ६७ बमोजिम उपाध्यक्षको संयोजकत्वमा बजेट तथा कार्यक्रम तर्जुमा समितिले गर्नेछ ।

## परिच्छेद - ३
## विविध

### ८. विविध :

क) यस कार्यविधिमा उल्लिखित विषय यसै बमोजिम हुनेछ। कुनै बाधा अड्चन सिर्जना भएमा गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

ख) यस कार्यविधि लागू हुनुभन्दा अगाडी समितिले गरेको काम कारर्वाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

ग) प्रचलित ऐनसँग यो कार्यविधि बाझिएमा बाझिएको हदसम्म निस्कृय हुनेछ ।

..................

आज्ञाले

सुमन पण्डित

प्रमुख प्रशासकीय अधिकृत